## आर्थिक वर्ष २०७७/७८ को निति तथा कार्यक्रम


अजयमेरु गाउँपालिका
भद्रपुर,डडेल्धुरा
सुदुर पश्चिम प्रदेश


२०७७।०३।०९


ajayamerugaupalika@gmail.com :Email

ajayamerumun.gov.np : Website

अजयमेरु गाउँपालिका: Facebook page

# अजयमेरु गाउँसभामा गाउँसभाका अध्यक्ष

# उमेश प्रसाद भट्ट ज्यूले पेश गर्नु भएको

# आर्थिक वर्ष २०७७/७८ को निति तथा कार्यक्रम

सम्मानित गाउँसभाका अध्यक्ष महोदय,
गाउँसभाका सम्पुर्ण सदस्यहरु, तथा उपस्थित महानुभावहरु !नेपालको संविधान २०७२ र स्थानीय सरकार संचालन ऐन २०७४ ले प्रदत्त गरेका अधिकार सहित गठित यस गाउँपालिकाको अध्यक्षको हैसियतले यस गरिमामाय सभामा आर्थिक वर्ष २०७७।०७८ को बार्षिक नीति तथा कार्यक्रम पेश गर्न उभिएको छु । यस गौरवपूर्ण अवसरमा नेपाली नागरिकहरुको स्वतन्त्रता ,न्याय, राष्ट्रियताका पक्षमा भएका आन्दोलन र जनयुद्ध मार्फत संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि जिवनको वलीदानी गर्नु हुने सम्पुर्ण ज्ञात अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । वेपत्ता ,घाइते,जेलवन्दि तथा राजनीतिक, सामाजिक परिवर्तनमा नेतृत्वदायी भुमिका निर्वाह गर्ने सवै अग्रजहरु प्रति ह्दयको गहिराइवाट नमन गर्दछु ।तिनका आश्रीत परिवार जनमा सम्मान व्यक्त गर्न चाहान्छु ।
केन्द्रिकृत व्यवस्था बाट जनताका असिम आसा र आवश्यकतालाई सम्वोधन गर्न नसकेको प्रतिफल स्वरुप स्थानीय तहको निर्वाचन सम्पन्न गरि सिंहदरबारको अधिकार गाउँ गाउँमा पुर्‍याउने उद्देश्यले वर्तमान स्थानीय सरकार गठन भएको हो। राज्य पुनः सरचनाको क्रममा संघर्षको उपजका रुपमा अजयमेरु गाउँपालिका स्थापना भएको कुरा यहाँहरुलाई विदितै छ । लोकतन्त्रको रक्षा गर्दै स्थानीय बासीको समग्र समृद्धिमा अहोरात्र अजयमेरु सरकार लागिरहेको छ र लागिरहनेछ ।
कोभीड १९ को प्रकोपका कारण सिंगो मानव जाती नै संकटमा रहेको वेला महामारी वाट अजयमेरु गाउँपालिकाका सवै जनताको सुरक्षा गर्नु पर्ने अहम जिम्मेवारी हाम्रो काधमा आएको छ । हामी जनताको सेवामा रति भर विचल्ली नभइ अनवरत रुपमा संवेदनसिलतालाई ख्याल गर्दै अगाडी वड्ने कुरामा कटीवद्ध छनैं र रहिरहनेछौं ।
देशमा राजनीतिक क्रान्तिहरु इतिहासको विभिन्न काल खण्डमा भए, मलाई लाग्छ अब देशमा आर्थिक क्रान्ति मार्फत राजनीतिक क्रान्तिको जरुरत छ, सोही अनुरुप हामी विकास निर्माण, सुशासन, आर्थिक विकास, नागरिकको जिवनस्तर माथि उकास्ने र समृद्धिको लागि सहकार्य र सहमतिको साथ अघि बढ्न प्रतिबद्ध रहेका छौं । अजयमेरु सरकारको निर्माण पश्चात विकास र समृद्धीका ३ वर्ष व्यतित भैसकेका छन् जुन सर्व विदितै छन् । सरकार निर्माणको तिन वर्षमा अजयमेरु सरकारले गरेका महत्वपूर्ण कामहरुको वारेमा जनताले मूल्याङ्कन गर्नेनै छन् । हाम्रा वाँकी रहेका प्रतिबद्धता पुरा गर्न स्थानीय सरकार सम्पुर्ण राजनीतिक दल, निजीक्षेत्र, नागरिक समाज, सञ्चार जगत,किसान, मजदुर ,पेशाकर्मि, अजयमेरुवासि जनसमुदाय र अजयमेरु गाउँपालिकाको शुभ चिन्तक सबैको साथ र सहयोगको अपेक्षा गर्दछौं ।

नेपालको संविधान२०७२ ,स्थानिय सरकार संचालन ऐन-२०७४, संघिय सरकार तथा प्रदेश सरकार बाट विभिन्न मितीमा जारी गरिएका निती, मार्गदर्शन, तथा सुझाव ,यस अजयमेरु गा.पा.बाट जारी भएका विभिन्न ऐन, नियमावली,कार्यविधी, आचारसंहिताको परिधिभित्र रही राजश्व परामर्श समिती, श्रोत अनुमान तथा बजेट
सिमा निर्धारण समिती को बैठक को निर्णय, गाउँकार्यपालिकाका विभिन्न मितीमा भएका निर्णय र प्रचलित ऐनकानुनको अनुसरण गर्दै जनताका आवश्यकता तथा प्राथमिकिकरण लाइ ध्यानमा दिइ आगामी आ.व.को वजेटको आधारको रुपमा यस अजयमेरु गा.पा.को आ.व.२०७७/७८ को निती, कार्यक्रम निर्माण गरिएको छ ।

**हाल सम्म गरिएका मुख्य कियाकलाप तथा उपलब्धीहरु :**

- भद्रपुर भुल्कुडा सडक चौडाविस्तार भएको छ ।
- अधिकासं गाउ टोल सडक सन्जालले जोडी सकेको वाकी सबै सडक आगामी आ.व मा जोड्ने लक्ष्य लिइएको
- राष्ट्रिय खेलमैदानको रुपमा विकास गर्ने उदेश्यले चन्वेताल राष्ट्रिय खेलमैदान वडा नं ३ मा निर्माण हुनेक्रममा रहेको छ ।
- वडा नं १ र ४ मा खानेपानिको आधारभुत समस्या समाधान भएको तथा वडा नं २ र३ मा समाधान हुने क्रममा रहेको तथा वडा नं ५ र ६ का संचालित खानेपानी मर्मत गरिएको र नया योजनाको सम्भाव्यता अध्ययन हुन लागेको ।
- जनतालाइ गाउपालिका केन्द्रमा सहज पहुँचको लागी २ वटा जिप खरिद गरि संचालन गरिएको ।
- सम्पुर्ण वडाहरुमा विद्यालयको नियमित अनुगमन ।
- नियमित प्र.अ. वैठक

- विद्यालय स्तरीय, शिक्षक  कर्मचारी खेलकुद कार्यक्रम सम्पन्न ।
- गाउपालिका स्तरमा विद्यालयको वार्षिक परिक्षा संचालन
- नमुना विधालय कार्यक्रम संचालन देवल मा.वि
- शैक्षिक क्यालेण्डर एकरुपताका लागी शिक्षक सम्मेलन
- विद्यालय स्तरीय, शिक्षक , विद्यार्थि खेलकुद कार्यक्रम सम्पन्न ।
- सम्पुर्ण विद्यालयहरुमा तयारी कक्षा सहित अग्रेजी माध्यमको पढाइ सुरु ।
- ३१ जना स्वयमसेवक शिक्षक भर्ना
- ब्यवसायीक तथा सामुहिक कृषि प्रणलिको सुरुवात भएको
- तरकारी उत्पादनमा वृद्धि भएको
- मासुमा आत्मनिर्भर भएको
- अण्डा तथा दुग्ध उत्पादन वढ्दै गएको
- पशु सुत्केरी भत्ता  कार्यक्रम लागु ।
- साविकका सम्पुर्ण स्वास्थ्य चौकीहरुमा ल्याव सेवा संचालनमा आएको ।
- स्वस्थ्य चौकिको पहुँचवाट टाढा रहेका २ स्थानमा सामुदायीक स्वास्थ्य ईकाइ थप भइ संचालनमा आएको।
- प्रत्येक घरपरिवार समेट्ने गरी प्रत्येक  वर्ष  सबै वडामा विशेसज्ञ सहितको वृहत स्वास्थ्य शिवीर संचालन वाट स्वास्थ्यमा सुधार भएको
- स्वास्थ्यका नियमित कार्यक्रम  सामुदायीक स्वास्थ्य, खोप, पोषण, रोग नियन्त्रण, तालिम तथा विकास, भिटामिन A क्याप्सुल वितरण, स्वास्थ्य सन्देस तथा सुचना प्रवाह, आमा सुरक्षा कार्यक्रम, स्वास्थ्य सामाग्री, निसुल्क औषधी वितरण,३ वटा खोप केन्द्रको निर्माण जस्तो कार्यक्रम वाट आधारभुत स्वास्थ्यमा सुधार भएको ।
- कोरोना कहरका विच पनि दादुरा रुवेला खोप अभियान समयमानै पूर्णरुपमा सम्पन्न ।
- NO MORE HOME DELIVERY कार्यक्रमलाइ प्रभावकारी भइ संस्थागत सुत्केरी दर वढ्दै गएको ।
- सुत्केरीलाइ पोषण युक्त पिठो र गाइको घ्यू वितरण कार्यक्रम संचालन गरिएको ।
- विद्यालयमा स्थानिय पोषणमेला कार्यक्रम सुरुवात गरिएको ।
- ग्रामिण भिडियो एक्सरे खरीद गरि २ ठाउँमा संचालन गरिएको ।
- प्रत्येक वडामा सामुदायिक स्वास्थ्य कार्यकर्ता भर्ना गरिएको
- योगदानमा आधारीत महिला स्वयमसेविका प्रोत्साहान कार्यक्रम र चाडँपर्व खर्च दिइएको ।
- नेपाल सरकारवाट सुदुर पश्चिम प्रदेशका स्थानिय तहहरु मध्ये  स्वास्थ्य सुधार कार्यक्रममा छनौट भइ कर्मचारी सहितको कार्यक्रम संचालनमा रहेका
- गाउँपालिकाको हरेक  कार्यक्रममका लक्षित वर्गको सहज पहुच, प्रतिनिधित्व हुने अधिकतम प्रयास गरिएको ।
- जेष्ठ नागरीक संग जयराज कार्यक्रम अर्न्तगत ६५वर्ष भन्दा माथिका सबै जेष्ठ नागरीकलाइ न्यानोलुगा वितरण गरी सबै वडाका १।१ जना जेष्ठ महिला,पुरुष नागरीकलाइ सम्मान गरीएको
- महिला सिप विकास कार्यक्रम, एकल महिला संग अजयमेरुसरकार अर्न्तगत प्रतेक वडाका २०।२० जना एकल महिलालाइ वाख्रा वितरण गरिएको
- दलित समुदायको जिवनस्तर उकास्न  सिलाइ मेसिन वितरण  वाट उनिहरुको ब्यवसाय प्रवर्द्धनमा सहयोग पुगेको
- अपागंको लागी ह्विलचियर ,बैशाखि, लठ्ठि धरमै गएर वितरण  गरीएको ।
- गाउँपालिका तथा वडा कार्यालय र स्वास्थचौकीमा नेट जडान गरिएको र मा.वि विद्यालय नेट जडान

- गाउँपालिकाको आवधिक योजना निर्माण कार्य अगाढी वढाइएको छ ।
- कर्मचारी जनप्रतिनिधीहरु को वेलावेलामा संचालन भएका कानुनी प्रशासनिक तथा प्राविधीक तालिमवाट क्षमता अभिवृद्धि गरिएको,
- न्यायीक समित मार्फत न्यायीक मेलमिलाप गराउने गरीएको ।
- गाउपालिकाको छुट्टै मोवाइल एप्स संचालनमा आएको
- गाउपालिकाको वेभसाइट संचालनमा रहेको
- अनलाइन व्यक्तिगत घटना दर्ता सुरु, सामाजिक सुरक्षा लाभग्राही अनलाइनमा आवद्ध
- लेखाप्रणलीमा सुत्र( अनलाइन लेखा प्रणली) प्रयोग गर्ने देश भरिनै पहिलो गाउपालिका
- ५८ वटा ऐन नियम तथा कार्यविधि कार्यपालिका तथा गाउसभावाट पारित भइ कार्यान्वयनमा रहेको ।
- जल उपयोग गुरुयोजना निर्माण
- उद्यमविकास गूरुयोजना निमांण
- द्धितीय गाउपालिका स्तरीय राष्टपति रनिगंसिल्ड प्रतियोगिता तथा विविध खेलकुद प्रतियोगिता गाउँपालिकाको आफ्नै खेलमैदानमा सफलतापुर्वक सम्पन्न ।
- चक्रिय कोष सापटि कार्यक्रम मार्फत युवा उद्यमशिलता कार्यक्रमको सुरुवात तथा बेरोजगार युवा तथ्याकं संकलन
- गाउपालिका भवन निर्माण सम्पन्न भई सोही भवनवाट सेवा सुचारु गरिएको छ ।
- गाउपालिकाको केन्द्रमा ५०००० विरुवा उत्पादन हुने वहुदश्यीय नर्सरी स्थापना
- स्वास्थ्य संस्था र महिला स्वास्थ्य स्वयम्सेवीकालाई मोवाईल फोन र रिचार्ज कार्डको व्यवस्था गरिएको ।
- वडा न.२मा एकिकृत वस्ती निर्माणका लागी डि.पी.आर निर्माण भइ वस्ती निर्माणका लागी वजेटको समेत व्यवस्था गरिएको छ ।
- वसाना गाण, दोगाण, हुरा गाण र सोर्नाया गाणमा पक्की सडक पुल निर्माणका लागी वजेटको व्यवस्था गर्न सफल भएका छौं भने वेताल खोलामा सडक पुल निर्माणको कार्य प्रारम्भ भएको छ ।
- गाँउपालिकामा बहुउद्देशिय कृषी तथा पशु विकास फर्मको स्थापना गरिएको छ ।
- सहश्रलीङ्ग मा.वी. चमडा , भद्रपुर मा.वी भद्रपर र भरतपुर मा.वी. भुल्कुडा लाई भौतिक विकास गरि नमुना विद्यालय निर्माण गर्न क्र.स. रु १.५० , २.२७ र २.१५ करोड रुपैया संघिय सरकार वाट स्विकृत गराउन सफल भएका छौ ।
- वडा न. ४ मा मूख्य मन्त्री एकीकृत कृषी तथा भेटनरी कार्यक्रम सञ्चालनमा आएको छ ।
- प्रधानमन्त्री कृषी आधुनीकीकरण परियोजना अन्तरगत. ३ वटा ब्लक का कार्यक्रम र १० वटा पकेटका कार्यक्रम सञ्चालनमा छन भने आलु सुपर जोन र भटमास सुपर जोन कार्यक्रम लागु गरिएको छ ।
- फिनल्याण्ड र इयु का राजदुतको भ्रमण सम्पन्न भएको छ ।
- सोर्नाया गाणको डाँसीमा झो.पू.निर्माणको सुनिश्चितता भएको छ । वार्ड नं. ३ को गाडी खेतमा झो.पु निर्माण सम्पन्न ।
- . अजयमेरुकोट लाई नेपाल सरकारको पर्यटकीय गन्तव्य स्थलको रुपमा परिचीत गराई भौतिक निर्माणको कार्य तिव्ररुपमा अगाडी वढाइएको छ ।
- . वडा न. २को रोल्ली र वडा न.५को गालमा सामुदायीक स्वास्थ्य इकाई केन्द्र स्थापना गरी स्वास्थ्यको न्युनतम सेवा सुचारु गर्न सफल भएकाछौं ।
- . गाउँपालिका सदरमुकममा स्थायी प्रहरि चौकीको स्थापना गर्न सफल भएकाछौं ।

- वहु प्रतिक्षीत उग्रतारा मेलौली सडक कालो पत्रेका लागी ठेक्का लागी काम अगाडी वढी सकेको छ भने ढिमला भद्रपुर सडकको कालोपत्रेको काम अगाडी वढेको छ ।
- वालल्याण मा.वि.मा बहुउद्देशिय योजना निर्माणको क्रममा ( मुस)
- १०० वटा प्लास्टिक घर निर्माण गरि तरकारी उत्पादनमा उल्लेख्य वृद्धी गराउने कार्य अगाडी वढेको छ ।
- दोगाडा चमडा चोल्लेक सडक निर्माणको कार्य अगाडी वढेको छ ।
- वयलडाँडा, पालि वकायल हुदै अजयमेरुकोट जोड्ने सडकका लागी वजेटको व्यवस्था गर्न सफल भएका छौं ।
- समैजी स्वास्थ्य चौकी र चिपुर स्वास्थ्य चौकी भवन निर्माणको कार्य अगाडी वढेको छ ।
- भुल्कुडामा वर्थिङसेन्टरको आधार तय भएको छ भने राजुल स्वास्थ्य चौकी भवन निर्माण भएको छ ।
- २ वटा ४ कोठे, ७ वटा २ कोठे र ३ वटा विद्यालयका सौचालय निर्माण सम्पन्न हुने चरणमा रहेका छन् ।
- गाउँपालिकामै भ्याक्सीनको सव सेन्टरको आधार तय भएको छ ।
- गाउँपालिकामा १५ सैयाको अस्पतालको स्विकृती भएको छ ।
- गोवरा र मगराउ खा.पा. सम्पन्न भएको छ ।

## *आगामी आ.व.०७७/७८ को लागी निती, तथा कार्यक्रम*

सम्मानित अध्यक्ष महोदय, तथा सम्मानित सभाका सदस्यज्यूहरु ।
"माहामारि नियन्त्रण, वर्तमानको कार्यभार
स्वदेसि माटोको उपयोग ,समृद्धिको मूल आधार"

भन्ने मुल नाराका साथ म अब आ.व.०७७/७८ को यस अजयमेरु गा.पा.को निती,तथा कार्यक्रम यहाँहरु समक्ष पेश गर्न गैरहेको छु ।

### *१. आर्थिक क्षेत्र :*

**(क) कृषी :**

- कृषि पेशालाई व्यावसायिक र सम्मानित पेशाको रुपमा विकसित गर्नको लागी यस गा.पा.को प्रमुख पेशाको रुपमा रहेको कृषीको ब्यावसायिकरण, बैज्ञानिकरण, विविधिकरण विना हाम्रो अर्थतन्त्रमा गुणात्मक तथा परिमाणात्मक सुधार हुन नसक्ने कुरालाई वोध गर्दै कृषी प्रणालीलाई आधुनिकिकरण, भुगोल सापेक्ष, वातावरण तथा जलवायु अनुकुलित बनाउँदै आर्थिक बृद्धीको दिगो आधार तयार गर्ने नीति लिइने छ ।
- यस गाउपालिकाको प्रमुख संभावनाको रुपमा रहेको भटमास उत्पादनलाइ वढाउन तथा आम जनताको प्रमुख वालिको रुपमा विकास गराउन विउमा उल्लेख्य अनुदान लगायत अन्य आवस्यक कार्यक्रम ल्याइनेछ । संघिय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको सहकार्यमा भटमास जोन कार्यक्रमलाइ प्रभावकारी वनाइनेछ । साथै भटमास प्रसोधन केन्द्र निर्माण गर्न निजि क्षेत्रसंग समन्वय तथा आकर्षण गर्ने निति लिइनेछ ।
- माटो परीक्षण, रोग परीक्षण, कृषि विशेषज्ञ सहितको शिविर प्रत्येक वडामा सञ्चालन गरिने छ ।
- स्थानीय भू–उपयोग नीति तयार गरी सरकारी, सार्वजनिक, ऐलानी, जग्गाहरुको संरक्षणमा जोड दिइनेछ ।
- नाङ्गा डाँडा तथा घरबगैंचामा फलफुल बगैंचा स्थापना, कृषक तालिम, कृषी मेला प्रदर्शनी, उन्नत र परम्परागत विउ वितरण,साना सिँचाई तथा प्लाष्टिक पोखरी, भकारो सुधार, तरकारी नर्सरी, स्थानिय कुखुरा, च्याउँ उत्पादन, फलफुल कलमी मार्फत उन्नत विरुवा उत्पादन, घाँस खेती प्रवर्द्धन, सहकारी र समुह

मार्फत बाख्रा तथा कुखुरा पालन ब्यवसाय, निजी कृषी तथा पशुपालन फर्म विकास, कृषक उद्यमशिलता कार्यक्रम सञ्चलन गरिने छ ।

- कृषिमा  व्यवसायीक भैसी पालन गर्ने कृषकलाइ पशु सुत्केरी भत्ता र गाउँपालिका भन्दा वाहिरवाट उन्नत जातका भैसी र गाइ आयात गरे वापत ढुवानी अनुदान उपलब्ध गराइ पशु ब्यवसायलाइ आर्कषण गर्ने नितिलाई निरन्तरता दिइनेछ  ।
- ब्यवसायीक कृषकलाइ परीचय पत्र वितरण गरीने कार्यक्रम लाइ कृषकको पहिचान संग जोडिने गरि थप प्रभावकारी रुपमा निरन्तरता दिइनेछ  ।
- सबैलाइ कृषि पेशामा आर्कषण गरी नमुनाको रुपमा गाउपालिका स्तरको नमुना वहुद्देश्यिय कृषि तथा पसु विकास फर्म कार्यक्रम निरन्तर अगाडी वड्नेछ  ।
- कृषीमा पहिला , आत्मनीर्भर महिला भन्ने निति लिइनेछ ।
- एक टोल एक महिला कृषी समुह निर्माण गरिनेछ ।
- ब्यवसायीक रुपमा विउ विजन उत्पादन गर्न चाहाने कृषकलाइ वजारको ग्यारेन्टी गरी प्याकेजिङ र ब्रान्डिङ्गमा सहयोग गर्ने कार्यक्रम  संचालन गरीनेछ ।
- वदेल लगायतका जंगली जनवारको क्षतीको कारणवाट कृषि ब्यवसायमा छाएको नैरास्यता न्युनिकरण गर्नको लागी कृषि विमामा आर्कषण गर्न विमाको  प्रिमियममा ५० % अनुदानको ब्यवस्था गरिनेछ ।
- कृषकको मनोवल उच्च राख्न  अध्यक्ष उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम सुरु गरीनेछ ।
- गाउँपालिकाको सवै वडाका सम्भाब्य क्षेत्रलाई साप्ताहिक वा निश्चित बारहरुमा, तरकारी वा अन्य कृषि उत्पादन संकलन केन्द्र हाट बजारको रुपमा विकास गरी कृषिबजारलाई प्रवर्द्धन गर्ने नीति लिईनेछ ।
- जग्गा बाँझो राख्ने प्रवृत्तिलाई अन्त्य गरी  वाझो जग्गा लिजमा लिइ ब्यवसायीक खेती गर्न  प्रोत्साहित गराई उत्पादनमा जोड दिने तथा  वातावरण सृजना गर्ने नीति लिईनेछ ।  साथै वाझो जग्गाको बहुउपयोग निति तयार गरिनेछ ।
- कृषि  प्राविधिक विद्यालयका विद्यार्थि OJT कार्यकमलाइ टोलवस्तीमा नियमित बस्ने गरि अनिवार्य कार्यान्वयन गरिनेछ ।
- कृषीमा उत्पादन वृद्धी गर्न पकेट र ब्लकका कार्यक्रम लागु गरिनेछन् ।
- . पकेट कार्यक्रम अन्तरगत पशुपंक्षि कार्यक्रम पनि समावेश गरिनेछ ।
- . गाँउपालिका भित्रका सवै कृषकलाई अनलाइन दर्ता प्रणालीमा सुचिकृत गरि जग्गा जमिन र पशुपंक्षिको पनि दर्ता अध्यावधीक गरिनेछ ।
- वाँझो जमिन सदुपयोग गरे वाफत अनुदानका कार्यक्रम लागु गरिनेछ ।
- व्यवसायीक फर्म मार्फत व्यवस्थित अध्ययनका लागी युवाहरुलाई पठाई प्राविधीक तथा अनुभव दिलाउने निति लिइनेछ ।
- . जिविको पार्जनका विविध कार्यक्रम संचालनमा ल्याइनेछन् ।
- भुमि वैङ्क स्थापना गरि बाँझो जग्गा सदुपयोग गर्ने निती लिइनेछ ।
- समुदायको पोषण तथा जीविकोपार्जनको अवस्थामा सुधार ल्याउनको लागि गाउँपालिका भित्रका हरेक घरधुरीमा घरबारी स्थापना गर्दै सम्भाव्य क्षेत्रमा उत्पादनको पकेट क्षेत्र बिस्तार गर्ने र व्यवसायिक रुपमा समूह मार्फत बार्षिक रु.५००००० भन्दा माथि कारोबार गर्ने कृषक समूहहरुलाई प्रोत्साहन गर्ने नीति लिइनेछ साथै गाउँपालिका स्तरमा आवश्यक बोट बिरुवा सहज रुपमा आपूर्ति गर्नका लागि उन्नत स्तरको बहुउद्देश्यीय नर्सरी स्थापना गर्ने कार्य यसै बर्षबाट आरम्भ गरिनेछ ।
- स्थानीय उत्पादनबाट कृषकहरुलाई अधिकतम लाभ लिई जीविकोपार्जनमा सुधार ल्याउन उत्पादनको भण्डारण, बजारीकरणका साथै कृषि सामाग्रीको सहज आपूर्तिको लागि आवश्यकता अनुसार संकलन केन्द्र,

सित भण्डार, एग्रोभेट स्थापना गर्ने कार्य यसै बर्षबाट शुरुवात गरिनेछ । सो प्रयोजनको लागि नीजि क्षेत्र तथा सहकारीहरुलाई प्राथमीकताका साथ परिचालन गर्ने नीति लिइनेछ ।

**(ख) उद्योग तथा वाणिज्य :**

- औद्योगिक ग्रामको स्थापनाको विस्तृत परियोजना प्रतिवेदन तयार भैसकेकाले औधोगीक ग्राम स्थापना गर्नका लागि संघ र प्रदेश सरकारसंग सहकार्य गरिनेछ ।
- गाउँपालिकामा स्थानीय श्रम, सीप र प्रविधिमा आधारित लघु उद्योगहरु स्थापना गराउने नीति लिइनेछ ।
- यस गा.पा.भित्र साना तथा मझौला उद्योग स्थापना गर्न प्राथमिकता दिई युवाहरुलाई बजार सुहाउँदो सिप विकासका कार्यक्रम बनाईने छ ।
- खानीजन्य उद्योगको पहिचान र उत्खनन्का लागी संघ ,प्रदेश लगायत निजी क्षेत्रको सहयोगमा सम्भाब्यता अध्ययन गर्ने निती अवलम्वन गरिने छ ।
- परम्परागत घट्ट लाइ स्तरीकरण तथा प्रविधिमैत्रि गर्ने कार्यकम ल्याइनेछ ।
- यस गा.पा. भित्र रहेका उद्योग र ब्यवसायलाई ब्यवस्थित गरि करको दायरामा ल्याईने छ ।
- साना तथा मझौला उद्योग संचालन गर्न चाहाने आन्तरीक तथा वाह्य लगानीकर्तालाइ दर्ता सुल्क तथा ३ वर्ष सम्मको कर निसुल्क गरीनेछ ।
- ठुला उद्योग संचालन गर्न चाहाने ब्यवसायीलाइ निसुल्क जग्गा उपलब्ध गराउन सहजिकरण गरीने छ । साथै निजि क्षेत्रलाइ आकर्षण गर्ने निति लिइनेछ ।
- परम्परागत पानी घट्टलाई व्यवस्थीत रुपमा सञ्चालन गरिनछन् ।
- गा.पा. वाट पोशाक भत्ता पाउनेलाई स्वदेशमै उत्पादीत पोषाक अनिवार्य लगाउने नीति लीइनेछ ।
- अरुलाई समेत स्वदेसी उत्पादनको प्रयोग गर्न अभिप्रेरीत गर्ने नीति लिइनेछ ।

**(ग) पर्यटन तथा संस्कृती :**

- यस गा.पा.भित्र रहेका ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक पर्यटकिय क्षेत्रको पुर्वाधारको निर्माण गर्दै आन्तरिक तथा बाह्य पर्यटकलाई भित्र्याउने नीति लिइने छ ।
- यस गा.पा. भित्रका सबै ऐतिहासिक, पर्यटकिय तथा धार्मिक स्थलको स्रब्य दृष्य सामागृी तयार गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा प्रसार प्रचार गरीनेछ ।
- अजयमेरुकोट, देवल, जगन्नाथ, डागेश्वरी,कोला समैजि, दुर्गाभगवति,चोरा वेताल,हंसराज, घनघस्या लेक लगायतका स्थानको समग्र गुरुयोजना निर्माण गर्ने कार्य सञ्चालन गरिने छ ।
- पर्यटनस्थल पहुँच मार्ग निर्माण, विस्तार तथा स्तरीकरणमा जोड दिइने छ ।
- स्थानीय चाडपर्व, मेला, दिवस संरक्षण तथा सम्बर्द्धनका लागि प्रचारात्मक तथा प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिने छ ।
- जनयुद्ध कालीन अवस्थाका निर्मित संरचनाको विकास गरिने छ ।

- स्थानिय मौलिक संस्कृति, भाषा, भेषभुषा, सभ्यता, संगीत, नृत्यको संरक्षण तथा सम्बर्द्धनका लागि कार्यक्रम सञ्चालन गरिने छ। साथ धामि पन्ना भरणीया, पुजारी लाइ सम्मान को कार्यक्रम ल्याइनेछ।
- स्थानीय मौलिक कला संस्कृतिको जगेर्ना गर्न संग्रहालय स्थापना कार्यलाइ थप प्रभावकारी वनाइ संचालनमा ल्याइनेछ।
- परम्परागत पुराना संस्कृती जस्तै फाग, भैलो होली , गौरा नाच जस्ता सांस्कृतिक धरोहरको संरक्षणमा उच्च प्रथमिकता दिइनेछ र प्रर्दसनीको कार्यक्रम गरिनेछ।
- अजयमेरु कोट लगायत पर्यटकीय क्षेत्रमा भौतिक संरचनाका कामहरुमा तिव्रता दिइनेछ।
- दुइ वटै सहिद स्मृति पार्कलाई निर्माण गरि पर्यटक भित्र्याउने निति लिइनेछ।

**(घ) सहकारी :**

- गाउँपालिका भित्रका सहकारी संस्थाहरुलाई उत्पादनशिल र रोजगारी सिर्जना गर्ने कार्यक्रम तर्फ प्रोत्साहित गरिनेछ।
- सहकारीको अनुगमन निरीक्षण गरी वित्तीय सुशासन कायम गर्न तर्फ जोड दिइनेछ।
- सहकारीको माध्यमबाट व्यवसायिक कृषि, घरेलु तथा साना उद्योगको स्थापना गरी नागरिकहरुको जीवन स्तर उकास्ने नीति लिइनेछ।
- गाउँपालिका भित्रका सबै सहकारीलाइ मर्ज गर्न प्रोत्त्साहित गरी सहकारीको स्तरीकरण र सवलीकरण गर्ने निती लिइनेछ।
- कृषि सहकारी गठन, पुर्नगठन, विस्तार गरि कृषिलाई सहकारीसँग जोड्ने नीति अवलम्बन गरिने छ।
- सहकारी सुशासन तथा संस्थागत क्षमता अभिबृद्धिका व्यवस्थापन तथा लेखापालन तालीम सञ्चालन गरिने छ।
- विगतका अनुदानमा संचालीत सुपथ मुल्यका सहकारी पसलको खोज गरी ब्यवस्थीत गरीनेछ।
- गाउँपालिका भित्रका विधुत सेवा ग्राहीको मशसुल संकलन गरी जिल्लामा बुझाउने कार्यमा सहजीकरण गर्ने सहकारी संस्थालाइ यातायात तथा संकलन खर्चमा सहयोग गर्ने कार्यक्रम निरन्तरता दिइनेछ।
- गरिवि निवारण कोष र स्थानिय विकास कोषको रकमलाइ सहकारी संग जोडि परिचालन गरिनेछ ।
- गाउँपालिका स्तरको सहकारिको निर्माण गरि आय आर्जनका कार्यक्रमहरु सहकारि मार्फत सञ्चालमा ल्याइने छन्।
- खा.पा.योजनाको मर्मत संभार कोषलाई सहकारी सँग जोडीने निति लिईनेछ।

**(ङ) वित्तीय क्षेत्र :**

- नागरिकलाई बैंकिङ्क सेवामा पहुँच अभिबृद्धि गर्न गाउँपालिका भित्र स्थापित बैंक तथा वित्तीय संस्थाहरुलाई जनताको घर दैलोसम्म पुग्ने बातावरण सृजना गरिने छ।
- वित्तिय क्षेत्रहरुलाई पूजी निर्माण हुने, उत्पादनशील क्षेत्र र रोजगारी सृजना हुने क्षेत्रहरुमा लगानी गर्न उपयुक्त वातावरण सृजना गरिनेछ।
- यस गाउपालिका भित्र थप वित्तीय संस्था स्थापना गर्नका लागि आकर्षण गर्ने नीति अवलम्बन गरिने छ।
- वित्तीय संस्थालाइ व्यवसायीक कृषि तथा अन्य आयमुलक कार्यमा ऋण लगानी तथा अनुदान गर्न सहजीकरण गरीनेछ।
- वैङ्क तथा वित्तिय संस्थामा सर्वसाधारणको पहुचको सुनिस्चितता गरिनेछ।
- गाउँपालिका भित्र वित्तिय क्षेत्रको लगानी भित्र्याउन उपयुक्त वातावरणको सृजना गरि वित्तिय क्षेत्रलाई सर्वसाधारण संग जोडीनेछ।

- गाउँपालिका भित्र कार्यक्षेत्र भएका लघुवित्त संस्थाहरुलाई नियमन गरिनेछ ।

**(ङ) युवा तथा रोजगारी :**

- युवाको मागमा आधारीत रहेर सिप विकास तालिम संचालन गरिनेछ ।
- युवा उद्यम चक्रिय कोष कार्यक्रम मार्फत रोजगारी तथा युवा उद्यमशिलताको विकास गरिनेछ ।
- स्वदेसिएका युवा केन्द्रीत कार्यक्रम लागु गरिनेछ ।
- कोरोनाका कारण उत्पन्न वेरोजगारी समस्या सामाधान गर्न युवा उद्यमसिलता साझेदारी ऋण कार्यक्रम सञ्चालनमा ल्याइनेछन् ।
- युवा शसक्तिकरण कार्य अगाडी वढाइेछ ।
- परम्परागत वाटोको रक्षा, युवाको आकांक्षा कार्यक्रम लागु गरीने छ ।

**२ सामाजिक क्षेत्र**

**(क) शिक्षाः**

- सम्पुर्ण वालबालिकालाइ शिक्षामा सवैको पहुँच पुऱ्याउदै प्राविधिक, व्यवसायिक र अँग्रेजि माध्यमको पढाइ सञ्चालन गर्ने नीति तथा कार्यकमलाइ यस वर्ष पनि निरन्तरता दिइने छ ।
- कोरोनाका कारण स्थगीत पढाईलाई वैकल्पीक पढाईको माध्यमवाट संचालन गरिनेछ ।
- सामुदायिक विद्यालयहरुमा जनप्रतिनिधि, कर्मचारी विद्यालय व्यवस्थापन समिति र शिक्षकका सन्ततिलाई भर्ना गर्ने उत्प्रेरीत गरिनेछ ।
- वार्षिक रुपमा उत्कृष्ट शैक्षिक उपलब्धी हासिल गर्ने विद्यालयलाइ अनुदान दिने निति लिइनेछ ।
- एक आपसमा गाभिन चाहाने विद्यालयलाइ गाभिएपछि नगद अनुदान दिइने छ वालविकास र सामुदायिक सिकाइ केन्द्रलाई समय सापेक्ष व्यवस्थित र परिमार्जित गरी समुदायमा संचालीत वाल विकासलाइ क्रमस विधालयमा गाभीने नितीी लिइनिछ ।
- वालविकास लाइ मुल्याकंनमा आधारीत वनाइनेछ ।
- शिक्षा सुधारका लागि गाउँ शिक्षा नीतिलाइ समय सापेक्ष बनाइने छ  साथै सबै कक्षाका सम्पुर्ण परिक्षालाइ गाउपालिका स्तरीय वनाउन निरन्तरता दिइनेछ ॥
- प्राविधिक विद्यालयलाई प्रभावकारी ढंगले संचालन गर्न विशेष कार्यक्रम संचालन गरिने छ ।
- नयाँ प्राविधिक विद्यालय संचालन गर्ने विद्यालयलाई विशेष अनुदान सहयोग गरिने छ ।
- भिन्न क्षमता भएका विद्यार्थीको तथ्याङ्क संकलन गरि अध्ययनका लागि प्रोत्साहन दिइने छ ।
- भौतिक रुपमा अति आवश्यक देखिएका विद्यालयको पहिचान गरि पुर्वाधार विकास कार्यक्रम गरिने छ ।
- विद्यालयहरुको नियमित अनुगमन तथा निरीक्षण गरिने छ ।
- शिक्षक, अभिभावक तथा विद्यार्थी विच विज्ञहरुको उपस्थितीमा निरन्तर अर्न्तरकिया गरीनेछ ।
- विद्यालय क्षेत्र सुधार योजना अन्तरगत क्षमता अभिबृद्धि तथा गोष्ठि संचालन गरिने छ ।
- टुहुरा र जेहेन्दार विद्यार्थि, शहिद  वेपत्ता तथा घाइते परिवारका छोराछोरी,  उच्च शिक्षाका छात्रबृत्ती दिईनेछ साथै कर्मचारी सन्ततिका लागी छात्रावृतिको कार्यकम ल्याइनेछ ।

- शैक्षिक गुणस्तर अबिधृद्धि तथा शिक्षक तथा विद्यालय कर्मचारीको मनोवल उच्च राख्न तालिम तथा कार्यसम्पादनमा आधारीत प्रोत्साहान प्रणाली लागु तथा प्रोत्साहान र प्रोत्साहन भत्ता कार्यक्रम गरिनेछ ।
- शिक्षक अभावको समस्यालाइ न्युनिकरण गर्न कार्यविधी वनाइ स्वयमसेवक शिक्षक नियुक्त गरिने कार्यक्रम थप गरीनेछ साथै स्वयसेवक शिक्षा राख्न सहयोग गर्न निजि क्षेत्र तथा संस्थालाइ सार्वजनीक आह्वान गरीनेछ ।
- विद्यालय स्रतरमा खेलकुद कार्यक्रम गर्नको लागी विद्यालयमा १ शिक्षक लाइ खेल शिक्षक प्रशिक्षण तालिम तथा खेल सामाग्री उपलब्ध गराइनेछ ।
- प्रविधीक तथा उच्च शिक्षा अध्ययन गरेका युवालाई गाउँमै सेवा गर्न प्रोत्साहीत गरिनेछ ।
- SEE परिक्षामा उत्कृक्ष्ठ नतिजा ल्याउने विद्यार्थिलाइ उच्च शिक्षा पढाइमा सहयोग पुर्‍याउने निति लिइनेछ ।
- विद्यालय क्षेत्र बाहिरका विद्यार्थीलाई विद्यालय भित्र ल्याईनेछ । विद्यालय बिचमै छोडने विद्यार्थीलाई पुनः विद्यालयमा ल्याउने निति अवलम्बन गरिनेछ ।

**(ख) स्वास्थ्य**

- ज्येष्ठ नागरिक स्वास्थ्य स्याहार कार्यक्रम अनुरुप ६० वर्ष माथिका नागरिकहरुलाई नियमित स्वास्थ्य परीक्षणका लागि, जनप्रतिनिधि सहित घरघरमा स्वास्थ्यकर्मी जाने अभियान लाई निरन्तरता दिइनेछ ।
- बर्षमा एक पटक हरेक वार्डमा विशेषज्ञ सहितको स्वस्थ्य शिबिर सञ्चालन कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- बाल स्वास्थ्य, खोप, पोषण, भिटामिन ए कार्यक्रमलाई प्रभावकारी बनाई प्रत्येक वडामा २ बर्ष मुनिका बालबालिकाको लेखाजोखा गरि अति कुपोषीत वालवालीका केन्द्रीत बिशेष पोषण प्याकेज संचालन गरिनेछ ।
- आधारभूत स्वास्थ्य सेवामा सबैको सहज पहुँच बढाउनका लागि गाउँपालिका, निजी तथा गैरसरकारी निकायहरुबाट एकीकृत रुपमा विशेष कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- १५ शैय्या अस्पताल स्थापना गर्न निर्णय भै सकेकाले कार्यन्वनमा लगिनेछ ।
- चमडा स्वास्थ्य चौकिमा ओटीसी स्थापना गरिनेछ ।
- ५ सैयाको वहुद्देशिय भवन स्थापना गरिनेछ ।
- दन्त सेवा सवै वार्डमा संचालनमा ल्याइनेछ ।
- स्वास्थ्य सेवाको गुणस्तर अभिबृद्धि गर्दै प्रभावकारी रुपमा सवै जनताको स्वास्थ्यमा पहुँच अभिबृद्धि गर्ने नीति अवलम्बन गरिने छ ।
- स्वास्थ्यको पहुँचबाट टाढा रहेका वस्तीहरुमा संचालीत सामुदायिक स्वास्थ्य इकाइ लाइ निरन्तरता दिइनेछ ।
- No More Home Delivery कार्यक्रम प्रभावकारी ढँगले अगाडी बढाइ गाउपालिकालै No More Home Delivery गाउपालिकाको घोषणको आधार तयार गरिनेछ ।
- ग्रामिण भिडियो एक्सरे सेवा विस्तार गरीनेछ ।
- स्वास्थ्य चौकीहरुमा प्राविधिक जनशक्ति सहित संचालीत ल्यावलाइ थप प्रभावकारी वनाइने छ
- सामुदायीक स्वास्थ्यलाइ प्रभावकारी वनाउन समुदायमा नियमित स्वस्थ्यकर्मी भेटघाट कार्यक्रम अघि बढाइनेछ ।
- स्वास्थ्य सेवालाइ थप प्रभावकारी वनाउन विशेसज्ञ डाक्टर सहितको स्वास्थ्य शिवीर र योग शिविर गरिनेछ ।
- निसुल्क औषधी वितरण कार्यक्रम वनाइ केहि ससुल्क औषधी निसुल्क वितरण गरिनेछ ।
- महिला स्वास्थ्य स्वयम्सेवीका र स्वास्थ्य संस्थालाई रिजार्च सेवा निरन्तरता दिइनेछ ।
- वार्ड न. ६ मा ल्याव सेवा सुरु गरिनेछ ।
- गाउँपालिकामा सल्यक्रिया सहितको आँखा सिविर संचालन गरिनेछ ।

  सामुदायीक स्वास्थ्य इकाइ केन्द्र वडा न. ६ को भण्डारी गाउँमा थप गरिनेछ ।

- कोरोना लगायत अन्य माहामारिको उपचार गर्न आइसोलेसन कक्षको निर्माण गरिनेछ ।
- भद्रपुर स्वास्थ्य चौकीमा नमुनाको लागी २४ घण्टे स्वास्थ्य चौकी फार्मेसि सञ्चालन गरिनेछ ।
- खोप वितरणको उपकेन्द्र स्थापना गरिनेछ ।

**(ग) खानेपानी तथा सरसफाई :**

- सबै भन्दा वढि खानेपानिको समस्यामा रहेको वडा नं ५ र ६ को समस्या समाधान गर्न सोरनाय लिफ्ट वहुउपयोगी खानेपानि तथा सिचाइ आयोजनाको काम अगाडी वढीसकेकाले उक्त योजना समय अगावै सम्पन्न गर्न पहल गरिनेछ ।
- वडा नं ३ को खानेपानि अभाव भएको वस्ती र वडा नं २ को हाट, रोल्ली, जिजोडा, लगायतका वस्तीको खानेपानी समस्या समाधान गरनेछ ।
- क्रमागत योजनाहरु सम्पन्न गरिनेछन ।
- खानेपानीमा सवैको सहज पहुँच पुऱ्याउँदै स्वच्छ खानेपानी पुऱ्याउने नीति अवलम्बन गरिनेछ ।
- सम्पुर्ण खानेपानी सुविधा नपुगेका ठाउँमा जनताको पहुँच विस्तारका साथै खानेपानीको गुणस्तरमा समेत ध्यान दिइनेछ ।
- पूर्ण सरसफाई यूक्त गाउँपालिका घोषणा गर्ने कुराको आधार बनाउने नीति अवलम्बन गरिनेछ साथै परिक्षणका लागी पनि परिक्षण ल्यावको स्थापना गरिनेछ ।
- पानी मुहानहरु रिचार्ज गर्ने नीति अवलम्बन गरिनेछ ।
- पुराना नाउला, पौवा, धारा, मगराउ संरक्षण सम्वर्द्धनको नीति लिइनेछ ।
- फोहोरलाई जैविक मलको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।
- संघ, प्रदेश, गाउँपालिकाको आफ्नै लगानी वा साझेदार संस्था मार्फत खानेपानी योजना निर्माण गरिनेछ ।
- साझेदार संस्था मार्फत पूर्ण सरसफाई गुरु योजना प्रभावकारी कार्यानवयन गरिनेछ ।
- बजार व्यवस्थापन समितिहरुलाई सक्रिय बनाउँदै फोहोर व्यवस्थापन गरिनेछ ।
- खानेपानीको सहज पहुचको लागी लिफ्ट प्रविधिको विस्तार गरी कार्यान्वयनमा लगीनेछ ।
- वडा न. २ को खा.पा.को समस्या सामाधान गर्न चोरखेत लिफ्ट वहुउपयोगी योजनाको डिपीआर निर्माण गरि संघ र प्रदेश सरकार संग पहल गरिनेछ ।
- नेपाल सरकारको आगामी तीन वर्ष भित्र सबै जनतालाई आधारभूत स्तरको खानेपानी सुविधा उपलव्ध गराउने तथा दिगो विकास लक्ष्य नं ६ बमोजिम सन् २०३० भित्र कुल जनसंख्याको ५० प्रतिशतलाई सुधारिएको खानेपानी सुविधा उपलव्ध गराउने लक्ष्य पूरा गर्न खानेपानी सरसफाइ तथा स्वच्छता क्षेत्रको योजना तर्जुमा, बिद्यमान खानेपानी योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन, हालसम्म सो सुविधा पुग्न नसकेको क्षेत्रको पहिचान गरी समतामूलक तथा सहभागितात्मक पद्धति अवलम्बन गरी समन्वयात्मक एवम् पारदर्शी पद्धति अपनाई सेवा प्रदान गर्न गाउँपालिका स्तरमा खानेपानी, सरसफाइ स्वच्छता (वास) व्यवस्थापन बोर्ड स्थापना गरी सो मातहत वास युनिट मार्फत नयाँ योजना निर्माण तथा विद्यमान योजनाहरुको मर्मत सम्भारको सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।
- गाउँपालिकाले तयार गरेको जलउपयोग गुरुयोजनालाई समीक्षा गर्दै विद्यमान सबै खाले खानेपानी, सिँचाई लगायतका जलस्रोतसँग सम्बन्धित योजनाहरुको सञ्चालन तथा व्यवस्थापकीय अवस्था अद्यावधिक गरी सबै समितिहरुलाई जलस्रोत नियमावली बमोजिम दर्ता एवम् अद्यावधिक र नवीकरण गर्ने व्यवस्था मिलाई गाउँपालिकास्तरमा सो क्षेत्रको सूचना व्यवस्थापन प्रणाली स्थापना गरिनेछ ।
- नेपाल सरकारको पूर्ण सरसफाइ निर्देशिका २०७५ एवम् गाउँपालिकाको वि.सं २०८१ भित्र गाउँपालिकालाई पूर्ण सरसफाइ युक्त एवम् छाउगोठ मुक्त गाउँपालिका घोषणा गर्ने लक्ष बमोजिम गाउँपालिका भित्रका समुदायलाई पूर्ण सरसफाइ उन्मुख तथा विद्यालयहरुलाई तीन तारा पद्धतिमा विकास गर्न एवम् कोभिड १९ जस्ता महामारी र पानी जन्य रोगहरुबाट बच्न वडा तथा समुदायस्तरमा पूर्ण सरसफाइ अभियान सञ्चालन

गरिनेछ । विभिन्न पानीजन्य रोगहरुबाट उत्पन्न हुन सक्ने महामारीहरुबाट सुरक्षित रहन स्रोत एवम् घरायसी स्तरमा पानीको गुणस्तर परिक्षणको व्यवस्था मिलाइनेछ ।

- खानेपानी सरसफाइ स्वच्छता, मर्यादित महिनावारी व्यवस्थापन, घरबारी व्यवस्थापन तथा व्यवसायिक जिविकोपार्जन प्रवर्द्धन कार्यको लागि स्थानीय स्तरमा प्राविधिक स्रोत व्यक्ति उत्पादन तथा परिचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

**(घ) खेलकुद तथा मनोरञ्जन**

- दीर्घ जीवनका लागि खेलकुदको मान्यतालाई स्वीकार गर्दै खेलकुद का विविध कार्यक्रम संचालन गरिनेछ ।
- समग्र खेलकुद कार्यक्रमलाइ समन्वय गर्न गाउँपालिका स्तरीय खेलकुद विकास समितिलाइ लाइ थप कियासिल वनाइनेछ ।
- खेलकुद विकासका लागि राष्ट्रिय स्तरको बहुद्धेशिय खेल मैदान निर्माण कार्यलाइ निरन्तरता दिइनेछ ।
- गाउँपालिकाको आफ्नै योजना वा अन्य साझेदार संस्था मार्फत गाउँपालिका स्तरीय ,विद्यालय स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता, अध्यक्ष कप आयोजना गरिनेछ ।
- यस गाउँपालिका भित्रका राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडीहरुको सम्मान गर्दै, उनीहरुको अनुभवको भरपुर उपयोग गरिनेछ ।
- एक वडा एक खेल मैदानको निति अवलम्वन गरिनेछ ।
- प्र.वी. तह देखीनै वडा स्तरिय प्र.वी.खेलकुद कार्यक्रम सञ्चालन गरीनेछन् ।

**(ङ) लैङ्गिक समानता र समावेशीकरण**

- लैगिंक हिंसा र घरेलु हिंसाको अन्त्य गर्दै महिला अधिकार र बालबालिकाको सन्दर्भमा जारी भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय सन्धी सम्झौता र प्रतिवद्धताको आधारमा महिला र बालबालिकाको संरक्षण, बचाउ, विकास र सहभागीतामा जोड दिने नीति लिइनेछ ।
- लक्षित वर्गका कार्यक्रम लाइ प्रभावकारी वनाउन विकास समितिलाइ कियाशिल तथा जवाफदेहि वनाइनेछ ।
- सार्वजनिक सेवा प्रवाह, विकास निर्माण, सेवा सुविधा लगायतका सवै क्षेत्रमा लक्षीत वर्गको सम्मानजनक उपस्थिती गराउने नीति लिइनेछ ।
- महिलाको आयआर्जनमा अभिबृद्धि गर्न उद्यमसिल तथा सिपमुलक कार्यक्रम संचालन गरीने छ ।
- एकल महिलासँग अजयमेरु सरकार कार्यक्रम मार्फत आय आर्जनका कार्यक्रम लागू गरिनेछ ।
- दलित, विपन्न समुदाय तथा अपाङ्गहरुका लागि सीप विकास तथा क्षमता अधिवृद्धि सम्बन्धी कार्यक्रम ल्याइनेछ ।
- अपाङ्गता भएका, टुहुरा, लैङ्गिक तथा घरेलु हिंसा पिडित महिलाका समस्याहरुलाई विशेष सम्बोधन गर्दै लैङ्गिक तथा घरेलु हिंसा न्यूनिकरण र पिडित महिलालाई संरक्षण कार्यक्रम लागू गरिनेछ ।
- बालश्रम, बालविवाह, छाउपडि प्रथा, जातीय भेदभाव तथा छुवाछुत उन्मुलनका लागि कडा नीति अवलम्बन गर्दै अन्त्यका लागि जनचेतनामुलक कार्यक्रम लागू गरिनेछ ।
- “ज्येष्ठ नागरिक संग जयराज कार्यक्रम” अन्तरगत ज्येष्ठ नागरिकलाई सम्मान गर्ने कार्यक्रम लाइ निरनतरा दिइनेछ ।
- उच्च अकं ल्याइ SEE परिक्षा उतिर्ण गर्ने छात्र छात्रालाइ उच्च शिक्षा अध्ययन गर्न छात्रावृति उपलब्ध गराइने कार्यक्रम ल्याइनेछ ।
- लक्षीत वर्ग र अपाङ्ग समुदायको कार्यक्रमहरुमा निरन्तरता दिइनेछ ।
- महिला समुह द्धवारा संचालन गरिने साना उद्योग स्थापना गर्न प्रोत्साहान गरिनेछ ।

- गाउँपालिका द्वारा संचालन गरिने योजनामा कम्तीमा एक वडामा एक उपभोक्ता समिति अनिवार्यरुपमा शतप्रतिसत महिला सहभागिताको सुनिश्चितता गरिनेछ
- महिला तथा किशोरीहरुको आत्मसम्मानको रक्षा गर्दै सुरक्षित र स्वच्छ तरिकाले बाँच्न पाउने अधिकारको सुनिश्चितता र महिनावारी भएको समयमा अपनाइने विभिन्न हानीकारक अभ्यासहरुको निर्मूल गरी महिला र किशोरीहरुको आत्मसम्मानको रक्षा गर्न गाउँपालिका उपाध्यक्षहरुको सम्मेलनले पारित गरेको मर्यादित महिनावारी स्वच्छता व्यवस्थापनको धनगढी घोषणा पत्र कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
- विदुरको सम्मान स्वरुप विदुर भत्ताको व्यवस्था गरिनेछ ।
- निर्णयमा महिला, मर्यादीत महिनावारी व्यवस्थित वनाउने

**३. भौतिक पूर्वाधार विकास**

**(क) स्थानीय सडक र पुलः**

- खोलिएका ट्र्याकहरुको ग्रेड सुधारी स्तरोन्नती, मोड सुधार र चौडा विस्तार गर्दै यस आ.व.मा जिल्ला सदरमुकाम वाट गाउपालिका केन्द्र जोडिने सडकको कालोपत्रेको कार्य अगाडि वढाइनेछ । साथै समग्र आर्थिक सामाजिक कृयाकलापहरु विस्तार गर्न गुणस्तरीय सडक निर्माणका लागि एक गाउँ एक सडक मार्फत सवै वडा सदरमुकाम र गाउँपालिका सदरमुकाम जोड्ने १२ महिना चल्ने सडक निर्माण गर्ने नीति लिइनेछ ।
- हरित सडक, पर्यटन सडक, वातावरणमैत्री सडक निर्माण गर्ने नीति लिइनेछ ।
- अधुरा सडकहरुलाई गन्तव्यमा पुर्‍याइनेछ ।
- साझेदार निकायहरुको खोजी गरि पूर्वाधारको क्षेत्रमा लगानी भित्र्याइनेछ ।
- निर्माणाधिन सडक पुलहरुलाई यसै आ.व. मा सम्पन्न गराइनेछ साथै अन्य मुख्यमुख्य खोलामा समेत पुल निर्माण प्रकृया अगाडी बढाउन पहल गरिनेछ ।
- मुख्य सडकको स्तरोन्नति गर्ने काम संघ र प्रदेशसंगको सहकार्यमा समपुरक कोष मार्फत अघि वढाइनेछ ।
- पञ्चवर्षीय आवधीक योजना निर्माण गरिनेछ ।

**(ख) सिंचाई**

- आधुनिक(लिफ्ट तथा डिप ) प्रविधि भित्र्याउन केन्द्र सरकार तथा साझेदार संस्थासँग पहल गरिनेछ ।
- साना तथा मझौला सिंचाईहरुको विस्तार र सुदृढ गर्ने नीति अवलम्बन गरिनेछ ।
- अवरुद्ध भएका साना तथा मझौला सिंचाईलाई सुचारु गराउँदै केही नया सिंचाई योजनाको शुरुवात गरिनेछ ।
- ठुला र मझौला सिचाइ निर्माण गर्न संघ र प्रदेशसंग पहल गरनिछ ।

**(ग) भवन तथा सहकारी विकास**

- **संघ सरकार संगको सहकार्यमा एकिकृत वस्ति निर्माण कार्य अगाडि वढाइनेछ ।**
- भवन निर्माण आचार संहिता -२०७२ अनुरुप गाउँपालिका स्तरीय आचार संहिता निर्माण गरि भवन निर्माण र वजार व्यवस्थापनको नीति ल्याइनेछ ।
- यस गाउँपालिका भित्र निर्माण हुने नयाँ भवनहरु घर नक्सा पास गरेर मात्र बनाउन जनसमुदायलाई उत्प्रेरीत गराइनेछ ।
- वडा कार्यालयको भवन नभएका वडाका भवन निर्माण कार्य यसै आ.व.बाट प्रारम्भ गरिनेछ ।

**(घ) उर्जा तथा लघु जलविद्युत**

- विद्युतीकरण शत प्रतिशत पुर्‍याउनका लागि सम्बन्धित निकायसँग समन्वय गरि आवश्यक पहलकदमी लिइनेछ ।
- घरभित्रको धुँवामुक्त अभियानलाई प्रभावकारी बनाइनेछ ।
- वैकल्पीक उर्जा प्रर्वद्धनका कार्यक्रम स्रंचालन गरीने छ ।

- सौर्य सडक वत्ति, वायोग्यास कार्यकम संचालन गरिनेछ । साथै मठ मन्दिर हरुमा समेत सौर्य वत्ति जडान गरिनेछ ।

**(ङ) सञ्चार**

- नेपाल टेलिकमसँग समन्वय र सहकार्य गरि संचार सुविधाबाट वञ्चित भूभागमा पुऱ्याउने वातावरण बनाउनका लागि टावर विस्तार तथा क्षमता अभिबृद्धि गर्दै ADSL तथा ल्याण्डलाइन टेलिफोन सेवा विस्तारका लागि आवश्यक पहल लिइनेछ ।
- शैक्षिक संस्था तथा स्वास्थ्य संस्थामा इन्टरनेट सुविधा जडान कार्यगरिनेछ ।
- यस गाउँपालिकाको आफ्नै वेभसाइट, फेसवुक साइट, मोवाइल एप्लीकेशन थप प्रभावकारी वनाइनेछ र केही नयाँ एपसहरु संचालनमा ल्याइनेछन् ।
- रेडीयो कार्यक्रम निरन्तरता दिइनेछ ।

**(४). वन ,वातावरण तथा विपद व्यवस्थापन**

- गाउपालिकाको द्धारा स्थापना गरिएको वहुदश्यीय नर्सरी लाइ थप व्यवस्थीत गरी जनताको मागको आधारमा विरुवा उत्पादन गरि वितरण गरीनेछ ।
- गाउँपालिका भित्रका परम्परागत रुपले व्यबस्थापन हुदै आएका सामुदायिक वनलाई बिभिन्न काष्ठ जन्य, कृषि जन्य, गैरकाष्ठ (घाँस, अल्लो, अम्रिसो, बाबीयो, लोप्ता, बाँस,निगालो) कच्चा पदार्थ उत्पादन स्थलको रुपमा विकास गर्ने निति लिइने छ ।
- बनविनास र क्षयीकरण रोक्दै बनको संरक्षण व्यवस्थापन र बृक्षारोपण गरि बन विकास मार्फत प्राकृतिक श्रोतको व्यवस्थापनको नीति अवलम्बन गरिनेछ ।
- प्रकोप व्यवस्थापन कोषलाइ थप सुदृढ वनाइनेछ ।
- खोटो संकलनलाई व्यवस्थित गरिनेछ ।
- “अजयमेरु गाउँबासीको सान एक गाउँ एक उद्यान कार्यक्रम” मार्फत सवै नाङ्गा डाँडामा क्रमिक रुपमा बृक्षारोपण गरिनेछ साथै प्रत्येक घरमा एउटा फलफुल विरुवा रोपण कार्यकम ल्याइनेछ ।
- निजी बन संरक्षण तथा निजी नर्सरी उत्पादक कृषकलाई प्रोत्साहन गरिनेछ ।
- गाउँपालिका भित्रका बजारहरुमा फोहोर मैला व्यवस्थापन गर्न डस्टविन वितरण गरि फोहोर मैला व्यवस्थापन कार्यकमलाइ निरन्तरता दिइनेछ ।
- प्रत्येक घरले कम्तीमा घर परिवारको सदस्य संख्या बराबर हिउँदे तथा बर्षे फलफुलको विरुवा अनिवार्य रोपण कार्यक्रम लागू गरिनेछ ।
- वन्यजन्तुको क्षती लाइ न्यूनिकरण गर्न कृषि विमा तथा अन्य उपाय अवलम्वन गरीनेछ ।
- वन जन्य उद्योग स्थापना तथा सामुदायीक वन तथा कबुलियती वनमा जडिवुटि खेती गर्न र ढलापडा काठ व्यवस्थीत गर्न प्रोत्साहान गरिनेछ ।
- प्रत्येक विद्यालयको हाताभित्र एक कक्षा दश बिरुवा, एक शिक्षक एक विरुवा कार्यकम मार्फत वृक्षारोपण कार्यकम गरीनेछ ।
- गाँउपालिका भित्र स्थापित फोहोर मैला व्यवस्थापन केन्द्रलाई व्यवस्थीत र प्रभावकारी बनाउने नीति लिइनेछ ।
- नागरिकहरुमा कुहिने र नकुहिने फोहोर मैलाको बर्गीकरण गरि फोहोरलाई उपयुक्त स्थान व्यवस्थापन गर्न सहयोग पुऱ्याउने खालको कार्यक्रमहरु संचालन गरिनेछ ।
- बर्षाको समयमा हुन सक्ने बाढी पहिरो रोकथाम गर्नको लागि सचेतना कार्यक्रम तथा तत्काल उद्धारको लागि प्रयोग हुने सामाग्री र जनशक्तिको व्यवस्थापन गरिनेछ ।
- आकस्मिक रुपमा आइपर्न सक्ने विपदको व्यवस्थापन गर्नको लागि समुदाय, सरोकारवाला संघ संस्थाहरु सँग समन्वय गरी विपद पूर्वको तयारी, विपद पश्चातको उद्धार कार्यक्रमहरु बनाई लागु गर्ने नीति लिइनेछ र विपद प्रतिकार्य योजना निर्माण गरिनेछ ।

- प्रत्येक जनप्रतिनिधि र कर्मचारीले १ वर १पिपल रोपण कार्यक्रम तथा नया सन्तान जन्माउने दम्पतिले एक जोडि विरुवा लगाउनुपर्नै निति तथा कार्यक्रम ल्याइनेछ ।
- कवुलीयति , निजि वन तथा धार्मिक वन विकास कार्यक्रमम संचालन गरिनेछ ।
- पानि मुहान वरिपरी रिचार्ज प्रविधिको प्रयोग गरिनेछ ।
- सडक योजनाहरुमा ३%वायो इन्जीनियरीङमा अनिवार्य खर्च गर्ने व्यवस्था गरिनेछ ।

**(५) संस्थागत विकास,सेवा प्रवाह र सुशासन**

- व्यक्तिगत घटना दर्ता अनलाइन कार्यक्रमलाइ थप प्रभावकारी वनाइनेछ ।
- सामाजिक सुरक्षा दर्ता अनलाइन मार्फत गरिनेछ ।
- जनप्रतिनिधि तथा राष्ट्रसेवक कर्मचारी, शिक्षक,उपभोक्ता समिती,टोल विकास संस्थाका क्षमता अभिबृद्धिका थप कार्यक्रम लागू गरिनेछ ।
- गाउँपालिका र सवै वार्डहरुमा क्षतिपूर्ती सहितको नागरिक वडापत्रलागू गरि डिजिटल नागरिक वडापत्र सञ्चालनमा ल्याइनेछ ।
- सम्पुर्ण कर्मचारीको मनोवलमा उच्च राख्न पुरस्कार र दण्डमा आधारीत प्रोत्साहान प्रणाली लागु गरिने छ ।
- स्थानिय कर प्रणालि लाइ कम्प्युटराइज्ड गरिने छ ।
- पारदर्शिता, जवाफदेहिता र सुशासनको लागि सूचनाको हक, सार्वजनिक सुनुवाई, सार्वजनिक लेखापरिक्षण, प्रत्यक्ष भेटघाट, सूचना अधिकारी, गुनासो अधिकारी, गुनासो तथा सुझाव पेटिका जस्ता विधिहरु अवलम्बन गरिनेछ ।
- करको दर भन्दा दायरालाई बढाउन जोड दिइनेछ ।
- “जनतासंग सरकार” को नारा अन्तरगत महिनाको एकचोटी फरकफरक ठाउँमा घुम्ती शिविर आयोजना गरिने छ ।
- गाउँ कार्यपालिका कार्यालयलाई भ्रष्टाचार मुक्त र सदाचार युक्त बनाउन सुशासनका आधारभूत मान्यताहरुलाई आत्मसात गर्दै तदअनुकुलको व्यवहार गर्दै लगिने छ ।
- कार्यालयको हित र आन्तरिक आयमा सक्रिय रुपमा लाग्ने कर्मचारीलाई आवश्यक मापदण्ड तयार गरी उत्कृष्ट कर्मचारी घोषणा गरिनेछ ।
- वडा कार्यालयका सिफारिसका लागी अनलाइन विधीको विकास गरिनेछ । साथै सवै जनसमूदायलाई मोवाइल मेसेज मार्फत सुचना सम्प्रेषण गरिनेछ ।
- अनावश्यक खर्च कटौती अन्तर्गत गाउँपालिका भित्रका सम्पूर्ण कार्यक्रममा पिपलको पातका ब्याच बनाउने निति अनिवार्य गरिनेछ ।
- खादा लगाउने कार्यलाई निरुत्साहित गर्ने निति अवलम्बन गरिनेछ ।

**(६) विविध**

(क) भुमी :

- गा.पा.भित्रको बाँझो रहेको निजी तथा सार्वजनिक जग्गाको सदुपयोग गर्ने निती अवलम्बन गरिनेछ ।
- बढ्दो भूमी अतिक्रमण नियन्त्रण गर्ने निती अवलम्बन गरिनेछ ।
- गुठी जग्गा ब्यवस्थापनका लागी आबश्यक पहल लिईनेछ ।
- डिजिटल जग्गा नापजाँच गर्न आवश्यक पहल गरिनेछ ।
- दर्ता जग्गा लामो समयसम्म वाझो राख्ने जग्गा धनिलाइ जरिवाना तथा ठुलो क्षेत्रफलमा व्यवसयीक कृष ीगर्ने कृषकलाइ करमा सहुलियत दिइने निती अवलम्वन गरिने छ ।
- भुमि वैङ्कको स्थापना गरिनेछ ।

**(ख) अन्य**

- यस गाउँपालिका भित्र कार्यक्रम रहेका गै.स.स.हरुलाई गाउँ सभाबाट कार्यक्रम स्वीकृत गराएर मात्रै सञ्चालन गराइनेछ ।
- गै.स.स.का कार्यक्रमहरुलाई नियमन तथा अनुगमनको दायरामा ल्याइनेछ ।
- उत्कृष्ट कार्य गर्ने जनप्रतिनिधी, कर्मचारी, विषयगत शाखा, वडा कार्यालय, शिक्षक, उपभोक्ता समिति, स्वास्थ्य संस्था, स्वास्थ्य कर्मि र विद्यालयलाई पुरस्कृत गरि प्रोत्साहन गर्ने निती अवलम्वन गरिने छ ।
- सरकारी तथा गैह्रसरकारी तवरबाट यस गा.पा. भित्र संचालन हुने समान प्रकृतीका गतिविधीहरुलाई एकिकृत रुपमा लागु गरिनेछ ।
- वडाहरुमा टोल विकास संस्था गठन मार्फत जनसहभागीता अभिबृद्धी गर्ने निति लिइने छ ।
- योजनालाइ अनुदानमा आधारीत नभै अभियानमा आधारीत वनाइने छ ।
- टोल विकास संस्थालाई अभिमुखिकरण गरि प्रभावकारि वनाइनेछ ।
- जेष्ठ नागरिक मिलन केन्द्रको स्थापना गरिनेछ ।
- छाडा पसु चौपाय नियन्त्रण गर्न पसु गौसालाको निर्माण गरिनेछ ।
-

अन्त्यमा,
यस निति तथा कार्यकमको कार्यान्वयनबाट आर्थिक क्रियाकलापमा बिस्तार हुने, नागरिकहरुलाई नजिकबाट सेवा प्रवाह गरी सुशासन कायम हुने, सामाजिक सुरक्षा तथा मानब विकासका सुचक हरु(शिक्षा,स्वास्थ्य , भौतिक पुर्वाधार, सरसफाई खानेपानी) उल्लेखनीय प्रगती हुने, रोजगारीका अवसरहरु सिर्जना हुने, राज्यले लिएका निति र दिगो विकासका लक्ष्य, विभिन्न रणनितीक लक्ष्य तथा पन्ध्रौ पन्च वर्षिय योजनाको लक्ष्य प्राप्तीमा महत्वपूर्ण भुमिका निवार्ह गर्ने अपेक्षा गरेको छु ।

प्रस्तुत निति तथा कार्यकम वनाउन सहयोग गर्नुहुने यस गाउपालिकाका उपाध्यक्ष ज्यु वडा अध्यक्ष ज्यूहरु, गाउँ कार्यपालिकाका सदस्य ज्यूहरु,गाउँ सभाका सदस्यज्यूहरु, राजस्व परामर्श समिति, श्रोत अनुमान तथा सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितीका सदस्यज्यूहरु,बजेट पुर्व तयारी छलफलका क्रममा आ आफ्नो क्षेत्रबाट सुझाब तथा सहयोग गर्ने राजनितीक दल ,राष्ट्र सेवक कर्मचारी, संघ तथा प्रदेशका विभिन्न कार्यालय,नीजी क्षेत्रका संगठनहरु, गैरसरकारी संस्थाहरु, नागरिक समाज तथा सामुदायिक संस्था, शिक्षक, सामाजिक संगठनहरु पत्रकार , टोल विकास संस्थाहरु सम्पुर्ण नागरिकहरु सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै निती तथा कार्यकमका सफल र परिणाममुखि कार्यान्वयनमा सबैको खुला र रचनात्मक सहयोगको अपेक्षा गरेको छु ।

धन्यबाद
अध्यक्ष
उमेश प्रसाद भट्ट
अजयमेरु गाउँपालिका